नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः २** **संख्याः ७०** **मितिः २०८२।०८।०१**

भाग —२

## मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०७।१९ गते
प्रमाणीकरण मितिः २०८२।०७।१९ गते
स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८२।०८।०१ गते

प्रस्तावनाः गाउँपालिकाले सडक, ढल, खानेपानी, सिंचाइ जस्ता भौतिक पूर्वाधारहरु नियमित रुपमा निर्माण गरिरहेका हुन्छन्। यस्ता पूर्वाधारका आयोजनाहरुलाई दीगो रुपमा संचालनमा ल्याउनका लागि त्यस्ता आयोजनाहरुको नियमित रुपमा मर्मत संभार गर्नु अपरिहार्य हुन्छ ।स्थानीय तहले मर्मत संभार विशेष कोषको स्थापना गरी मर्मत सम्भार गर्ने कार्यलाई सुचारु रुपले संचालन गर्दै आएका छन् । नौगाड गाउँपालिकाले पनि सडक, पुल पुलेसा, ढल, खानेपानी, सामुदायिक भवन, सिंचाइ लगायतका भौतिक पूर्वाधारका संरचनाहरुलाई आवश्यकतानुसार मर्मत गरी दीर्घकालसम्म सञ्चालनमा ल्याउनका लागि स्थानीय सरकार ऐन, २०७४ को दफा १०२(२) र नौगाड गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नौगाड गाउँपालिकाले यो मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२ तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद —१

### संक्षिप्त नाम र प्रारम्भ

१) सक्षिप्त नाम र प्रारम्भः १) यस कार्यविधिको नाम “मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८२” रहेको छ ।

२) यो कार्यविधि नौगाड गाउँपालिकाको गाउँ कार्यपालिकाले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

३) परिभाषाः १) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि मा,

२. “ऐन” भन्नाले स्थानीय सरकार ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

३. “नियमावली” भन्नाले स्थानीय सरकार ऐन, २०७४ बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ ।

४. “आर्थिक नियम” भन्नाले सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित गाउँपालिकाको आर्थिक कार्यप्रणाली संचालन गर्ने कानून सम्झनु पर्दछ ।

५. “कोष” भन्नाले स्थानीय सरकार ऐन, २०७४ बमोजिम मर्मत संभारका कार्यहरु कार्यसम्पादन गर्न तथा अन्य प्रचलित कानूनी व्यवस्था बमोजिम गाउँपालिकाले मर्मत संभारका लागि स्थापना गरेको विशेष कोषलाई सम्झनु पर्दछ ।

६. “गाउँपालिका” भन्नाले नौगाड गाउँपालिका र वडा कार्यालय समेतलाई सम्झनु पर्दछ ।

७. “गाउँ सभा” भन्नाले नौगाड गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

९. “गाउँ कार्यपालिका” भन्नाले नौगाड गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

१०. “स्थानीय तह” भन्नाले नौगाड गाउँपालिका सम्झनु पर्दछ ।

११. “समिति” भन्नाले कोष सञ्चालनको लागि गठन गरिएको समिति सम्झनुपर्दछ ।

१२. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नौगाड गाउँपालिकाको कार्यालयमा कार्यरत दफा ८४ बमोजिमको अधिकारीलाई सम्झनु पर्दछ ।

१३. “मन्त्रालय” भन्नाले नेपाल सरकार तथा प्रदेश सरकारको स्थानीय तहलाई समन्वय, सम्पर्कका लागि

तोकिएको मन्त्रालयलाई सम्झनु पदर्छ ।

१४. "संयोजक" भन्नाले कोष संचालन समितिका संयोजकलाई सम्झनु पर्दछ ।

१५. "सदस्य सचिव" भन्नाले कोष परिचालन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

१६. "गैह्र सरकारी संस्था" भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिबत रुपमा दर्ता भएका सामाजिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

१७. "पूर्वाधार" भन्नाले सडक, ढल, सडक पेटी, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड साइड, सार्वजनिक शौचालय, सांस्कृति सम्पदाहरु र गाउँ कार्यपालिकाले तोकेका अन्य पूर्वाधारलाई सम्झनुपर्दछ ।

१८"मर्मत सम्भार" भन्नाले गाउँपालिका लगायत अन्य निकायहरुबाट निर्माण सम्पन्न गरिएका पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार गर्ने कार्य भन्ने सम्झनु पर्दछ ।

४) कार्यविधिको उद्देश्य यस कार्यविधिको प्रमुख उद्देश्य नौगाड गाउँपालिका भित्र रहेका सडक, बाटो, पुल पुलेसा, ढल, खानेपानी, सिंचाइ, सामुदायिक भवन लगायतका पूर्वाधारहरुको नियमित रुपमा व्यवस्थित तवरले मर्मत सम्भार गर्ने प्रणालीको विकास गर्नु रहेको छ । साथै नियमित रुपमा मर्मत गरिनु पर्ने सडक, बाटो आदिको पहिचान गर्ने, सो अनुसार योजना तर्जुमा गर्ने, नियमित रुपमा गरिने खर्चको नियन्त्रण गर्ने, लागत अनुमानमा एक रुपता कायम गर्ने र गाउँ पालिका भित्र मर्मत गर्नु पर्ने र नपर्ने पूर्वाधारहरुको विवरण बनाई गाउँपालिकाको काम कारबाहीमा एकरुपता कायम गर्ने नै भएतापनि यस बाहेकमा अन्य उद्देश्यहरु तल उल्लेख गरिएको छः

१. सडक, खानेपानी, ढल लगायतका अन्य पूर्वाधारहरुको मर्मत सम्भारका लागि प्राप्त हुने श्रोत र साधनहरुको व्यवस्थित रुपले सञ्चालन गर्ने ।

२. उपभोक्ता समिति/ श्रम सहकारी, सरकारी तथा गैर सरकारी तहहरुबाट निर्माण भए गरेका योजनाहरुमा स्थानीय जनसमुदायको अपनत्व बृद्धि गर्ने

३. स्थानीय श्रोत र साधनहरुको व्यवस्थित रुपमा परिचालन गर्ने ।

४. स्थानीय उपभोक्ताहरुलाई सम्पन्न तथा निर्माणाधिन योजना तथा आयोजनाहरुमा हाम्रो, हामीले र हाम्रा लागि भन्ने भावना जागृत गराउने ।

५. वार्षिक रुपमा मर्मत सम्भार गर्नु पर्ने सडक लगायतका अन्य पूर्वाधारहरुको विवरण तयार पारी मर्मत सम्भार सम्बन्धी कार्यक्रम तयार पार्न ।

६. वर्तमानमा सो लगानी वा थोरै मेहनतबाट भविष्यमा हुने ठूलो क्षतिबाट योजना तथा आयोजनाहरुलाई समयमा नै बचाउने ।

७. पुराना योजनाहरुलाई बीचमै रोकेर नयाँ योजना माग गर्ने प्रक्रियालाई निरुत्साहित पार्ने ।

८. स—साना मर्मत संभार तथा आयोजनाहरुबाट निरन्तर लाभ लिने क्षमताको विकास स्थानीय उपभोक्तामा गराउने ।

९. स-साना आयोजना तथा योजनाका लागि पनि दाता खोज्ने प्रबृतिलाई निरुत्साहित गर्दै जाने ।

१०. मर्मत सम्भार कार्यहरुलाई सहयोग दिई कार्यमा सरलता ल्याउने ।

११. आयोजनाहरु सम्पन्न भएपछि दिगोपना कायम राख्ने ।

१२. गाउँ क्षेत्र भित्र सेवाग्राहिहरुको सेवा प्रवाहमा सुनिश्तिता प्रदान गर्न ।

४. कार्यविधिको कार्य क्षेत्र र सीमा

यस कार्यविधिमा मर्मत सम्भारका लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थापकीय पक्षलाई पनि समेटिएको छ । नौगाड गाउँपालिकाको कार्यालयले आफ्नो प्रयोजनका लागि मात्र यो कार्यविधि बनाएको हुँदा यसको कार्य सीमा नौगाड गाउँपालिकाको सबै क्षेत्रमा मात्र रहने छ । साथै ऐन, नियम, आर्थिक नियम, प्रचलित नीतिगत व्यवस्थाहरुका प्रावधान समेत यसमा आकर्षित हुने हुँदा यो कार्यविधिलाई गाउँपालिका क्षेत्रमा काम गर्ने बिभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका तहलाई समेत मार्गदर्शनको रुपमा लिन सकिने छ ।

५. आवश्यकताः स्थानीय तहहरुमा बढ्दै गएको कार्यक्षेत्रको विस्तारका साथै सम्पन्न भए गरेका विकास निर्माण कार्यहरुको दिगोपना कायम गरी गाउँ वासीहरुमा भरपर्दो सेवा प्रवाह प्रदान गर्न, नेपाल सरकार लगायत अन्य तहहरुबाट भएको लगानीको प्रतिफल हासिल गर्न, विकास खर्चमा मितव्ययितता कायम गर्न, पूर्वाधारहरुको दीर्घकालीन प्रयोग बढाउन तथा भरपर्दो सेवा उपलब्ध गराउनका लागि योजनावद्ध, नियमित, प्रभावकारी रुपमा मर्मत सम्भार कार्य परिचालन गर्न अति आवश्यक भएको छ । यसका साथै देहायका कारणबाट पनि यसको आवश्यकता बुँदागत रुपमा उल्लेख गरिएको छः

१. नौगाड गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरु लगायत अन्य पूर्वाधारहरुको सेवालाई सूचारु राख्न,

२. सम्भावित दुर्घटनालाई घटाउन,

३. जटिल किसिमका क्षतिहरुबाट बचाउन,

४. गाउँ वासीहरुको आधारभूत हक अधिकारको संरक्षण गर्न,

५. गाउँपालिका लगायतबाट भएको लगानीको संरक्षण गर्न

६. अन्तरस्थानीय तहहरुसंग समन्वय कायम राख्न,

७. सवै नागरिकहरुको गाउँपालिकाको◌े पहुँचमा बृद्धि गर्न,

८. वातावरणिय समस्याहरुबाट जोगाई राख्न,

९. सेवा प्रवाहलाई सुनिश्चितता प्रदान गर्न ।

१०. गैरसरकारी संस्थालाई प्रोत्साहित गर्नुपर्ने

मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२

गाउँपालिकाको क्षेत्रभित्र विकास सम्बन्धी कार्याक्रमको पहिचान, तर्जुमा, सञ्चालन, रेखदेख, मूल्यांकन तथा मर्मत सम्भार गर्ने कार्यका लागि गैर सरकारी संस्थालाई प्रोत्साहित गर्नु पर्नेछ । यसरी सञ्चालित कार्यक्रमहरुमा गैर सरकारी संस्थाहरुले आफ्नै स्रोत र गाउँ पालिकाबाट प्राप्त स्रोतबाट सञ्चालन गर्न सक्नेछन् । यसरी आयोजना सञ्चालन गर्ने गैर सरकारी संस्थाहरुले आयोजना तथा कार्यक्रमहरुको पूर्ण विवरण सम्बधित वडा वा गाउँ पालिकामा पेश गर्नु पर्नेछ । गाउँपालिकाले पनि मर्मत सम्भार लगायतका कार्यहरु सम्बन्धित क्षेत्रका गैर सरकारी संस्था मार्फत योजना तथा कार्यक्रमहरु कार्यान्वयन र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद २

## मर्मत सम्भार सम्बन्धी नीति तथा कार्यनीतिहरु

७. नीति गाउँ क्षेत्र भित्र सरकारी तथा गैर सरकारी तहहरुबाट संचालन गरिने विकास निर्माणका कार्यहरु लगायत सार्वजनिक सेवा सम्बन्धी काम कारवाही सञ्चालन गर्दा सकेसम्म गाउँ क्षेत्रका सवै पूर्वाधारका साथै सार्वजनिक सडक, पुल, पूलेसा आदिको स्थायी र दिगोपनका लागि आवश्यक मर्मत सम्भार कार्य गर्न नौगाड गाउँपालिकाले अनुकूल वातावरण तयार गर्ने नीति अवलम्बन गर्नेछ।

८. कार्यनीति

यस कार्यविधिको नीति कार्यान्वयन गर्नका लागि नौगाड गाउँ पालिकाबाट देहाय अनुसारका कार्यनीतिहरु अबलम्बन गरिनेछः

१. मर्मत सम्भार कार्य भरसक श्रमप्रदान वा कामदारहरु सोझै परिचालन गरी वा उपभोक्ता समिति/ श्रम सहकारीको माध्यमबाट वा ठेक्कापट्टाबाट गराउने ।

२. मर्मत सम्भार कार्य भरसक श्रममूलक स्थानीय नेतृत्व हुने गरी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियाबाट संचालन गर्ने ।

३. सम्भव भएसम्म स्थानीय नागरिकहरुको ज्ञान, सीप, अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

४. प्रत्येक वर्ष मर्मत सम्भारका कार्यहरुको लागि आवश्यक सूचि तयार गरी सम्भाव्य क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सूचारु गर्नु पर्ने जस्ता कुराहरुलाई बढी ध्यान दिई यस किसिमको कार्यलाई सहज र सरल बनाउने ।

५. सडक लगायतका पूर्वाधारहरुको निर्माणकार्य सम्पन्न भएपछि लाभान्वित क्षेत्रका जनता, उपभोक्ता समिति/ श्रम सहकारीलाई गाउँपालिकाको आवश्यक पहलमा मर्मत सम्भार कार्य सहितको जिम्मेवारी क्रमश दिंदै जाने ।

६. गाउँ क्षेत्र भित्र निर्माण कार्य सम्पन्न भएका र निर्माणधिन अवस्थाका पूर्वाधारहरुको उचित मर्मत संभार सहित दिगो उपयोगिताको लागि स्थानीय तहहरुको आफ्नै श्रोत, नेपाल सरकार, प्रदेश सरकारको अनुदान अन्तगत पूर्वाधार क्षेत्रका लागि वार्षिक रुपमा विनियोजित रकमको निश्चित प्रतिशत रकम मर्मत सम्भारको लागि उपयोग गर्ने ।

७. मर्मत सम्भार तथा व्यवस्थापनको जिम्मेवारी गाउँपालिकाले उपभोक्ता समिति/ श्रम सहकारीलाई हस्तान्तरण गर्दे जाने ।

८. मर्मत सम्भार तथा संचालन व्यवस्थापन सम्बन्धी कार्यविधि कार्यान्वयका लागि गाउँपालिका तथा वडा समितिले गाउँ बासी तथा उपभोक्ता समिति/ श्रम सहकारीहरु, टोल विकास संस्थाहरुले समय समयमा बैठक बसी देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

९. मर्मत सम्भार कार्य कार्यान्वयन सम्बन्धी व्यवस्थाः मर्मत सम्भारको कार्य प्रचलित कानून बमोजिम कार्यान्वयन गराउनु पर्नेछ । उपभोक्ता समिति/ श्रम सहकारी मार्फत कार्यान्वयन गराउँदा देहाय अनुसार गर्नु पर्नेछः

१. प्रचलित कानून बमोजिम हुने गरी कार्यक्रम स्थानीय उपभोक्ता समूहद्वारा गठित उपभोक्ता समिति/ श्रम सहकारी मार्फत गराउन प्राथमिकता दिनु पर्नेछ ।

मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२

२. माथि उल्लेखित प्रक्रियाबाट काम गराउने प्रयोजनको लागि गाउँपालिकाले उपभोक्ता समिति/ श्रम सहकारीलाई विषयगत रुपमा वर्गीकरण र सूचिकृत गरी उनीहरुको लगत अद्यावधिक गर्नु पर्नेछ ।

३. बुँदा (१) बमोजिम उपभोक्ता समिति/ श्रम सहकारीद्वारा स्थानीय आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा वा सञ्चालन गराउदा देहाय बमोजिम गर्नुपर्नेछ

(क) उपभोक्ता समिति/ श्रम सहकारी मार्फत काम गराउदा लागत, काम सम्पन्न हुनुपर्ने अवधि, सम्पन्न कामको सञ्चालन तथा मर्मत सम्भार र आवश्यक अन्य कुरा समेत स्पष्ट खोली सम्बन्धित स्थानीय तह र उपभोक्ता समिति/ श्रम सहकारी बीच सम्झौता गर्नु पर्नेछ ।

(ख) यस कार्यका लागि गाउँपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ग) उपभोक्ता समिति/ श्रम सहकारीले निर्माण सम्बन्धी काम सम्पन्न गरिसकेपछि प्राविधिकबाट नापजाँच गराई उक्त कार्यका लागि प्राप्त रकम र जनसहभागिताबाट व्यहोरेको श्रम वा नगद वा जिन्सी समावेश भएको कूल खर्चको विवरण र बहुमत उपधमेक्ता समूहको उपस्थिति र निर्णयका प्रे माणित प्रतिलिपि समेत गाउँ पालिकामा पेश गर्नु पर्नेछ । यसरी विवरण प्राप्त भएपछि गाउँपालिकाले आवश्यक ठानेमा सार्वजनिक परीक्षेण समेत गराई सो सहितको अभिलेख खडा गर्नु पर्नेछ

(घ) उपभोक्ता समिति/ श्रम सहकारीले गराएको काम ठेकेदारबाट गराउनु हुँदैन । उपभोक्ता समिति/ श्रम सहकारीले समयमा काम गराउन नसकेमा गाउँपालिकाले प्रचलित नियम बमोजिम वा अन्य प्रक्रियाबाट काम गराउन सक्नेछ । उपभोक्ता समिति/ श्रम सहकारीले रकम दुरुपयोग गरेको बुझिन आएमा छानविन गरी दुरुपयाग भएजति रकमे उपभोक्ता समिति/ श्रम सहकारीको पदाधिकारीबाट दामासाहीले सरकारी बाँकीसरह असुल उपर गरिनेछ ।

(ङ) उपभोक्ता समिति/ श्रम सहकारीबाट सम्पन्न हुने कामको मर्मत सम्भारको जिम्मा सोही उपभोक्ता समिति/ श्रम सहकारीको हुने भन्ने कुरा सम्झौतामा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(च) उपभोक्ता समिति/ श्रम सहकारीले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति/ श्रम सहकारीलाई नै हस्तान्तरण गर्नु पर्नेछ । यसरी हस्तान्तरण भै प्राप्त आयोजनाको सेवावापत उपभोक्ता समिति/ श्रम सहकारीले दस्तुर तोकी आफनो कोष खडा गरी सञ्चालन गर्न सक्नेछ ।

(छ) बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनको बढी प्रयोग हुने काम बाहेक सामान्तया श्रमप्रधान प्रबिधि अपनाइने आयोजना वा कार्यक्रममात्र उपभोक्ता समिति/ श्रम सहकारीमार्फत गराउनु पर्नेछ ।

तर कारण खोली गाउँपालिकाले निर्णय गरेमा बिशेष अनुगमनको व्यवस्था मिलाई उपभोक्ता समिति/ श्रम सहकारीसंग संयुक्त व्यवस्थापनमा अन्य आयोजना कार्यान्वयन गराउन बाधा पर्ने छैन ।

(ज) उपभोक्ता समिति/ श्रम सहकारीबाट खण्ड (झ) बमोजिमको विवरण प्रस्तुत भई पेश्की फछ्र्यौट भएजतिको रकममात्र अर्को किस्ता कायम गरी पेश्कीको रुपमा शोधभर्ना दिनुपर्नेछ ।

(झ) उपभोक्ता समिति/ श्रम सहकारीले गरेको खर्चको श्रेस्ता, बिल, भरपाई सम्बन्धित तहले जुनसुकै समयमा पनि कर्मचारी खटाई जाँच गरी प्रतिवेदन लिन सक्नेछ ।

(ञ) उपभोक्ता समिति/ श्रम सहकारीले गाउँपालिका समक्ष कामको लागि निवेदन प्रस्तुत गर्दा तथा गाउँपालिकाले उपभोक्ता समिति/ श्रम सहकारीसंग संझौता गर्दा उपभोक्ता समिति/ श्रम सहकारीले गर्ने योगदानको रकम खुलाउनु पर्नेछ र उपभोक्ता समिति/ श्रम सहकारीले कार्य गर्दा सो अनुरुप गरी हिसाब किताब राख्नु पर्नेछ ।

(ट) आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताबाट गठित उपभोक्ता समिति/ श्रम सहकारीको कूल सदस्यममध्ये महिला सदस्य तेत्तीस प्रतिशतमा नघट्ने गरी र उपलब्ध भएसम्म दलित, आदिबासी÷जनजातीको समेत प्रतिनिधित्व भएको हुनु पर्नेछ तर सम्बन्धित स्थानीय तहको निर्वाचित वहालबाला पदाधिकारी उपभोक्ता समिति/ श्रम सहकारीमा रहन पाउने छैन ।

(ठ) उपभोक्ता समिति/ श्रम सहकारीले आफुले जिम्मा लिएको काम सम्पन्न गर्न थप म्याद आवश्यक भएमा कारणसहित निवेदन दिएमा उपभोक्ता समूह र उपभोक्ता समिति/ श्रम सहकारीले गरेको निर्णयको आधारमा गाउँपालिकाले म्याद थप गर्नेछ । तर साधारणतया यस्तो म्याद थपको अबधि कार्य सम्पन्न गर्नुपर्ने अवधिभन्दा बढी हुने छैन ।

(ड) उपभोक्ता समिति/ श्रम सहकारीले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फाराम र नापि किताब आधारमा अन्तिम किस्ता भुक्तानी दिइनेछ । यसरी सम्पन्न भएको कार्यको प्रकृति हेरी छ महिना भित्र निर्माण कार्यमा कुनै त्रुटी (डिफेक्ट) भई सच्याउनु परेमा निर्माण कार्य गर्ने उपभोक्ता समिति/ श्रम सहकारीले नै आप्mनो खर्चमा सच्याउनु पर्नेछ ।

(ढ) निर्माण कार्य बाहेक अन्य कार्यक्रममा उपभोक्ता समिति/ श्रम सहकारीसंग सम्झौता गरी सञ्चालन वा कार्य सम्पन्न गराउँदा स्वीकृत नर्म्स, मापदण्ड, र लागतको प्रस्ताव स्वीकृत गरी उपभोक्ता समिति/ श्रम सहकारीमार्फत कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

(ण) उपभोक्ता समिति/ श्रम सहकारीलाई एकपटक उपलब्ध गराएको काम सम्पन्न नभई अर्को काम दिइने छैन ।

(त) मर्मत सम्भार कर्ता वा कामदार समूहको व्यवस्थावाट हुन नसकिने तथा प्राविधिक दृष्टिले जटिल एवं मेशीनरीको उपयोग गर्नु पर्ने मर्मत सम्भार कार्य मात्र ठेक्का पट्टाबाट सम्पन्न गरिने छ ।

(थ) सम्भारकर्ता वा कामदारहरुको डोर हाजिर फाराम भरी तोकिएको व्यक्ति वा प्राविधिकको सिफारिशमा उपभोक्ता समिति/ श्रम सहकारीले भुक्तानी गर्नेछ ।

(द) सडक लगायतका पूर्वाधारहरुको मर्मत सम्भारका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति गाउँपालिकाले उपलब्ध गराउनेछ ।

मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२

(ध) गाउँ पालिकाबाट आवश्यक जनशक्ति उपलब्ध नहुने अवस्थामा गाउँपालिकाको े स्वीकृत लिई सम्बन्धित उपभोक्ता समिति/ श्रम सहकारी आफैले उपयुक्त किसिमको जनशक्तिको व्यवस्था गरी सेवा लिन सकिनेछ ।

(न) रु. १ लाखसम्मका मर्मत संभारका कार्यहरुमा लागत सहभागिता बिना मर्मत सम्बन्धी कार्यहरु गर्न सकिनेछ ।

१०. योजनाको तर्जुमा तथा कार्यान्वयन

ऐन, नियम, आथिक नियम अनुसार सहभागितात्मक प्रक्रियाबाट मर्मत सम्भार योजनाहरु पनि तर्जुमा गर्नु पर्दछ । जसको प्रक्रिया देहाय बमोजिम हुने छः

१ कोषको व्यवस्थापन,

२. भौतिक अवस्थाको विवरण संकलन, प्राप्त विवरणको लेखाजोखा तथा छलफल,

३. प्रारम्भिक लगत अनुमान र प्राथमिकिकरण,

४. विस्तृत अध्ययन तथा लागत अनुमानको तयारी,

५. समितिबाट योजना सहितको कार्यक्रमको तयारी,

६. गाउँ पालिकाबाट निरिक्षण र उपभोक्ता समिति/ श्रम सहकारीहरुको गठन,

७. गाउँ विकास कार्यक्रममा समावेश,

८. कार्यान्वयन व्यवस्थापन तथा सार्वजनिक परीक्षण,

९. अनुगमन तथा मूल्यांकन र पृष्ठपोषण,

१०. कार्यसम्पन्न प्रतिवेदन,

११. समिक्षा ।

## परिच्छेद—३

## कोष ब्यबस्थापन सम्बन्धी व्यवस्था

**११) कोषको स्थापना र खाता सञ्चालन**

१. कार्यपालिकाको निर्णय बमोजिम एक मर्मत सम्भार कोष स्थापना गरिनेछ ।

२. बुंदा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः

(क) मर्मत सम्भार विशेष कोषका लागि आर्थिक ऐनले तोकेको रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा गाउँ सभाले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति वा संस्था वा तहद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) गाउँसभा/कार्यपालिकाको स्वीकृतिमा प्राप्त अन्य रकम,

(ङ) नेपाल सरकार, प्रदेश सरकारबाट विनियोजित रकम,

(च) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

३. समितिको निर्णयवाट तोकिएको बैकमा “मर्मत सम्भार कोष” नामको एक खाता खोली आर्थिक कारोबार सञ्चालन गरिनेछ ।

४. यस कोषको खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

१२) कोषको प्रयोग

१. यस कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गरिनेछ ।

क) नियमित मर्मत सम्भारको कार्य गर्न गराउन,

ख) सार्वजनिक बाटो, पूल, पुलेसा प्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व वोधबारे जनचेतना अभिवृद्धि गराउने गराउन ।

मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०८२

ग) कोषमा योगदान गरेका आयोजनाहरुको मर्मतलाई प्राथमिकता दिइने

घ) मर्मत सम्भार गर्दा महत्वपूर्ण पूर्वाधारहरुलाई प्राथमिकता दिइने

**१३) नपुग रकमको व्यवस्था** रकम अभाव भई संचालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्य हेरी नपुग रकमका लागि गाउँ कार्यपालिकामा आवश्यक व्यवस्थाका लागि सिफारिश गर्नु पर्नेछ ।

## परिच्छेद—४

## कार्यान्वयन व्यवस्थापन, समितिको गठन र कार्यविधि

**१४) कार्यान्वयन व्यवस्थापन**

१. सम्पन्न पूर्वाधारहरुको मर्मत सम्भार कार्य प्रचलित कानून बमोजिम उपभोक्ता समिति/ श्रम सहकारी वा सोझै कामदार मार्फत वा ठेक्का मार्फत गराउने व्यवस्था गरिनेछ ।

२. नौगाड गाउँ पालिकामा मर्मत सम्भार कार्य व्यवस्थित रुपमा कार्यान्वयनमा तथा कोष व्यवस्थापनका लागि एक समिति रहनेछ ।

३. बुंदा (२) बमोजिम गठित समितिमा देहाय बमोजिमका पदाधिकारीहरु संयोजक तथा सदस्य रहनेछन्:

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) गाउँपालिकाकोको पूर्वाधार विकास समतिको संयोजक | सदस्य |
| (ङ) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (च) योजना महाशाखा प्रमुख | सदस्य सचिव |

४. यस कार्यबिधि बमोजिम गठित समितिको नियमित वैठकमा कामसँग सम्बन्धित कुनै पदाधिकारी वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

५. आमन्त्रित पदाधिकारीले पनि वैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा

मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२

अन्य सुविधा पाउनेछ ।

६. समितिले आफनो कामको नियमित रुपमा कार्यपालिकामा प्रतिवेदन गर्नेछ ।

**१५) समितिको काम, कर्तव्य र अधिकार**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आगामी आर्थिक वर्षमा गाउँ क्षेत्रभित्र मर्मत गरिनु पर्ने भौतिक संरचनाहरुको लागत सहितको विवरण संकलन गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

(ख) कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

(ग) कोषमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

(घ) बिभिन्न सरकारी तथा गैर सरकारी तहहरुसंग गाउँपालिकाको सहमतिमा कार्यक्रमहरु उपलब्ध गराउने तर्फ आवश्यक पहल गर्ने ।

(ङ) प्रगति विवरण गाउँ कार्यपालिकामा पेश गर्ने ।

**१६) समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

समितिका पदाधिकारीहरुकौ काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

(क) संयोजकको काम, कर्तव्य र अधिकारः

१. समितिको बैठकको अध्यक्षता गर्ने ।

२. कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने ।

३. कोष सम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने ।

४. प्रस्तावित बजेटमा समावेश गरी गाउँ सभामा पेश गर्ने व्यवस्था मिलाउने ।

५. कार्यक्रमहरुको विवरण समयमा नै संकलन गरि राख्ने व्यवस्था मिलाउने ।

(ख) सदस्य—सचिवको काम, कर्तव्य र अधिकारः

१. कोषको कार्यालय सञ्चालन गर्ने ।

२. बैठकको निर्णय अभिलेख गरी राख्ने ।

३. बैठकको निर्णय कार्यान्वयन गर्ने ।

४. संयोजकको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने, गराउने ।

५. कोषको सञ्चालन सम्बन्धी श्रेस्ता तथा चल अचल सम्पत्तिको जिम्मा लेखाङ्कन गर्ने ।

६. वार्षिक प्रतिवेदन समितिमा पेश गर्ने ।

(ग) सदस्यको काम, कर्तव्य र अधिकारः

१. समितिको बैठकमा नियमित रूपमा भाग लिने ।

२. निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

३. कोषको प्रवर्द्धन र कार्यक्रमको हित हुने कार्य प्रस्ताव गर्ने ।

४. संयोजकको निर्देशन अनुसार अन्य आवश्यक कार्य गर्ने, गराउने ।

## परिच्छेद - ५

## मर्मत सम्भार सम्बन्धी व्यवस्था

१७) मर्मत सम्भारका प्रकार मर्मत सम्भारका प्रकार निम्नानुसारका हुनेछन्ः

१. नियमित मर्मत सम्भार,

२. पटके मर्मत सम्भार,

३. आवधिक मर्मत सम्भार,

४. आकस्मिक मर्मत सम्भार,

५. विशेष मर्मत सुधार ।

मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२

१९  वार्षिक मर्मत सम्भार योजना गाउँपालिकाले निम्न विवरण सहितको निर्धारित ढांचामा वार्षिक मर्मत सम्भार योजना तयार गरी कार्यपालिकाबाट स्वीकृत गराई राख्नु पर्नेछ ।

१.मर्मत सम्भार कार्य आवश्यक भएका सडकहरूको विवरण,

२. मर्मत सम्भार कार्यको प्रकार

३. मर्मत सम्भार कार्यको प्राथमिकता,

४. मर्मत सम्भार कार्यको डिजाइन तथा लागत अनुमान,

५. उपलब्ध भौतिक सेवा तथा सुविधा र प्राविधिक श्रोतको जानकारी,

६. कार्यान्वयन प्रक्रियाको किसिम

७.  प्राथमिकीकरण अनुमानित तालिका,

८.  मर्मत सम्भार कार्य योजना ।

## परिच्छेद ६

## विविध

१९) अनुगमन तथा मूल्यांकन गाउँपालिको मर्मत सम्भार कोष परिचालनका सन्दर्भमा अनुगमन तथा मूल्यांकन व्यवस्था देहाय अनुसार गरिनेछः

(क) गाउँपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्दा गाउँ स्तरीय तथा वडास्तरीय अनुगमन समितिबाट हुनेछ ।

(ख) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्यांकनका आधारमा दिइने छ ।

(ग) अनुगमन तथा मूल्यांकनका आधारमा कार्यक्रमहरुको जांचपास तथा फरफारक गरिनेछ ।

(घ) अनुगमन तथा मूल्यांकन सम्बन्धी खर्चको व्यवस्था गाउँपालिकाकोे कार्यालयले मिलाउनु पर्नेछ ।

(ङ) उपभोक्ता समिति/ श्रम सहकारीहरुबाट हुने मर्मत सम्बन्धी कार्यको अनुगमन गर्दा विल भरपाई लगायत विवरण संकलन काममा सम्लग्न व्यक्तिहरुको हाजिरी तथा कार्यरत रहने समय र स्थानका

मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२

विषयमा पनि हेर्नु पर्दछ ।

२०) पुरस्कार वा प्रशंसापत्र प्रदान गर्न सक्ने राम्रो काम गर्ने उपभोक्ता समिति/ श्रम सहकारी, पदाधिकारीलाई नौगाड गाउँपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सक्नेछ ।

२१) संशोधन तथा बचाउः यस कार्यविधिमा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधिभित्र रही कार्यपालिकाले गर्न सक्नेछ । यस कार्यविधि मा उल्लेख गरिएका कुराहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ । कार्यविधिमा लेखिएका कुराहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ । कार्यविधि स्वीकृत हुनु अघि संचालन गरिएका सम्पूर्ण कार्यक्रमहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२